# हेलम्बु गाँउपालिकाको प्रथम गाउँ सभामा अध्यक्ष श्री निमा ग्याल्जेन शेर्पा द्धारा प्रस्तुत
# नीति तथा कार्यक्रम

**पृष्ठभूमि**

यस सिन्धुपाल्चोक जिल्लाको उत्तर पश्चिम भेगमा अवस्थीत यस हेलम्बु गाउँपालिका साविकका महाङकाल, इचोक, पाल्चोक, किउल र हेलम्बु गरी ५ गा.वि.स. मिलेर गठन भएको हो । अकिकाशं भुभाग पहाड र सुन्दर डाँडा पाखाले भरिएकोयस गाउँपालिका समुन्द्री सतहबाट करिब १००० मिटर को उचाई देखि उच्च ५००० मिटर सम्मको भुभाग पर्दछ । हेलम्बु गाउँपालिका सुन्दर शान्त रमणिय जुगल हिमालको सन्निकट याङरीमा डाँडाको काखमा रहेको छ । माथिल्लो भु-भागमा ह्योल्मो र तामाङ जातीको बहुल्यता रहेका र तल्लो बेसी भूभागमा विशेष गरी ब्राम्हण, क्षेत्री, दमाई, कामी, सार्कि, जातका ब्यक्तिहरुको बसोबास रहेको छ ।

आमा याङरी, मेलम्चीघ्याङ, तार्केघ्याङ, सेर्माथाङ, ककनी, कुटुमसाङ, घोप्टेघ्याङ जस्ता महत्वपूर्ण स्थल रहेको यस ठाउँमा गुम्बा, माने, घ्याङहरु, मन्दिर अवलोकन गर्दा मानिसको मन छुने हुन्छ । यस ठाउँको अतिथि सत्कार, विशेष खालको संस्कृति परम्परा आकर्षक प्राकृतिक सौन्दर्यता, स्वच्छ वातावरणले गर्दा यो क्षेत्र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । यस हेलम्बु गाउँपालिकामा बहुचर्चित मेलम्ची खानेपानी आयोजनाको मुहान र सुरुङ अधिकाँश भाग समेत पर्दछ । यस गाउँपालिकामा मुहान मेलम्ची र अन्य खोलाहरु जस्तै गोहोरे खोला, तिम्बु खोला अन्य सा-साना खोल्चीहरु छन्, जसबाट खानेपानी, सिचाईलाई थप सुविधा पुगि रहेको छ । यस क्षेत्रको अधिकाँश भुभाग वनजङगलले ढाकेको छ । यस गाउँपालिकाका मुख्य व्यापारिक केन्द्रहरु  ग्याल्थुम, चनौटे, तिम्बु र किउल बगर लगायताका स्थान हुन ।

**१.१. सवल पक्ष**

- प्राकृतिक सौन्दर्यता र स्वच्छ वातावरण भएको ।
- धार्मिक विविधतता तथा सांस्कृतिक सम्पदाहरु प्रसस्त भएको ।
- कृषि योग्य तथा उब्जाऊ भुमि भएको ।
- पर्यटन व्यवसायको उच्चतम सम्भावन रहेको ।
- राष्ट्रिय बहुचर्चित मेलम्ची खाने पानीको मुहान भएको ।
- हिमाली जडिबुटीको स्रोत प्रचुर मात्रामा सम्भावना रहेको ।

**१.२. कमजोर पक्ष**

- उच्च शिक्षा हाँसिल गर्ने संस्था न्यून रहेको ।
- आवश्यक योग्य जनशक्तिको कमी ।
- सामाजिक जनचेतनाको कमी ।
- व्यवस्थित तथा स्तरीय स्वास्थ्य चौकी नरहेको ।
- भौगोलिक विकटता ।

- स्थानीय स्तरमा रहेको स्रोत साधनको समुचित प्रयोग नहुनु ।
- भरपर्दो मोटर बाटो तथा यातायातको सुविधा नरहेको ।

### १.३. अवसर

- प्राकृतिक स्रोत, साधन, भु-बनोट, हावापानीले भौतिक विकासको प्रवल सम्भावना रहेको ।
- कला संस्कृति, सम्पदाको दृष्टिकोणले पर्यटन विकासमा अब्बल सम्भावना रहेका ।
- जलस्रोत, जडीबुटी, कृषि तथा बनको उचित प्रयोगबाट आर्थिक विकासको अवसर रहेको ।
- अविरल बगिरहेको मेलम्ची खोला अन्य सहायक खोलालाई सदुपयोग गरी स्थानीय स्तरमा आय आर्जन बढाउन सकिने ।
- विभिन्न नगदेबाली, बेमौसमी व्यवसायिक रुपमा अगाडि बढाउन सकिने ।
- शिक्षा क्षेत्रमा विकास गर्नका लागि १ क्याम्पस ७ मा.वि. र आधारभुत तहले साक्षरता अभिवृद्धि गर्न सकिने ।

### १.४. चुनौती

- सिमित स्रोत र साधनले शिक्षाको गुण्स्तर अभिवृद्धि र साक्षरता दर बढाउन नसक्नु ।
- परम्परागत खेतीलाई व्यवसायीकरण र आधुनिकीकरणको रुपमा खेतीको सुधार गर्न नसक्नु ।
- कर्मठ युवाहरु विदेशीने तथा बसाई सराईलाई स्वरोजगार को व्यवस्था गरी समयमा रोक्न नसक्नु ।
- पर्यटनको लागि भौतिकपूर्वधार तथा सुविधाहरु तयार गर्न नसक्नु ।
- कृषि योग्य जमिनलाई उपयोगमा ल्याउन नसक्नु ।
- सम्पूर्ण स्थानहरुमा भुकम्पका कारण क्षती भएका बस्तीहरु समयमै पुनः निर्माण हुन नसक्नु ।

### १.५.बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि गरिएको पद्धति

सहभागितात्मक गाउँपालिका योजना तर्जुमा पद्धति तथा लोकतान्त्रिक गणतन्त्र अनुरुप सार्वभौमसत्ता सम्पन्न जनताहरुको शासन प्रक्रियामा आधिकारिक रुपमा सहभागिता गराई विकेन्द्रीकरणको माध्यमबाट आफ्नो विकास आफै गर्न आन्तरिक स्रोत साधनको पहिचान र परिचालन गर्न प्रत्येक टोल टोलमा, बस्ती बस्तीमा स्तरीय वडा भेला गराई विभिन्न बुद्धिजीवी, राजनितिक दलहरुको सल्लाह सुझावमा योजना तर्जुमा समिति, एकीकृत योजना तर्जुमा समिति हुँदै गाउँ सभा मार्फत जनताका भावना र चाहना अनुरुपका कार्यक्रमहरुलाई प्राथमिकता दिई गाउँपालिका विकास योजनामा समावेश गरी कार्यन्वयन गर्न प्रयास गरिएको छ ।

लामो समय पश्चात स्थानीय निकायमा जनप्रतिनिधिहरुले आवश्यकता योजना पहिचान, योजना तर्जुमा योजना निर्माण तथा कार्यान्वयन प्रक्रियामा लाभान्वित हुने जनताको प्रत्यक्ष संलग्नता र सहभागिता हुन सकेमा योजना प्रति जनताको अपनत्वको भावना विकास भई योजनाले दिगोपना समेत हाँसिल गर्न सक्ने हुनाले हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको वार्षिक गाउँ योजना तर्जुमा गरिएको छ ।

तर्जुमाको प्रक्रियाका विस्तृत चरणहरु यस प्रकार रहेका छन् ।

**१.६. आयोजना प्राथमिकि करणका आधारहरुः**

नेपाल सरकारबाट स्थानीय तह संचालन कार्यविधी २०७४ बाट निर्देशित योजनाका प्राथमिकिकरणका आधारहरु तयार गरि योजना तर्जुमा गरिएको छ ।

- भौतिक पूर्वाधार क्षेत्र सुधार कार्यक्रम
- पर्यटन प्रवर्द्धन तथा कला संस्कृतिक संरक्षण सम्वर्द्धन कार्यक्रम
- गुणस्तर शिक्षा, शैक्षिक विकास तथा साक्षरता वृद्धि कार्यक्रम
- मोटरबाटो, कृषि सडक तथा पर्यटन मार्गको स्तर उन्नती कार्यक्रम
- स्थानीय स्तरमा आर्थिक विकासको लागि सिपमूलक तथा रोजगार प्रवर्द्धन कार्यक्रम
- कृषि उत्पादकत्व बढाउने कार्यक्रम
- स्थानीय स्रोत साधन तथा जनशक्ति परिचालन
- सामाजिक, राजनैतिक तथा आर्थिक हिसाबले पिछडिएको दलित, जनजाती, महिलाहरुलाई आयमुलक तथा सिपमूलक कार्यक्रम
- कृषि, जलस्रोत, व्यापार व्यवसाय सुधार कार्यक्रम
- गैह्र सरकारी संस्थासंग समन्वय समझेदारी
- स्तरीय स्वास्थ्य सेवा कार्यक्रम
- लक्षित वर्गमा आयआर्जन रोजगारी कार्यक्रम

## खण्ड २ -चालु आ.ब. २०७३/७४ को समिक्षा

२.१. यस हेलम्बु गाउँपालिका मा साविकका स्थानीय निकायहरुको ०७३/०७४ को बार्षिक योजना कार्यक्रम निर्वाचित कार्यपालिकाको बैठकमा सम्पूर्ण योजनाको समिक्षा गरियो ।

२.२. विषयगत निकायहरु स्थानीय तहमा हस्तान्तरण पूर्व सम्पन्न कार्यक्रमको समिक्षा

## खण्ड ३ -आगामी आ.ब. २०७४/७५ को नीति, बजेट तथा कार्यक्रम

३.१. **सोचः** हेलम्बु गाउँपालिकाको अभियान नमुना गाउँपालिकाको निर्माण भन्ने संकल्प राखेको छु ।

३.२. **लक्ष्यः** यस हेलम्बु गाउँपालिकामा आगामी वर्षमा कार्यालय तथा महत्वपूर्ण ठानिएका योजना कृषि सडक, पूर्वाधार, शिक्षा, सेवा तथा रोजगार उर्जा उद्योग निर्माण गर्ने लक्ष्य राखेको छु ।

३.३. **उद्देश्यः** हेलम्बु गाउँपालिकालाई नमुना गाउँपालिका बनाउने संकल्प अनुरुप प्राथमिकिकरण क्षेत्रगत योजनाहरुलाई उपभोक्ताहरुसंग समय मै सम्झौता गरी कार्यन्वयमा ल्याउने र स्थलगत अनुगमन तथा निरिक्षण गरी योजनाहरु समयमा नै सम्पन्न गर्ने उद्देश्य राखेको छु ।

३.४ **अपेक्षित उपलब्धी :**यस हेलम्बु गाउँपालिकाको आ.ब. २०७४÷७५को बजेट तथा कार्यक्रमको जुन उद्देश्य राखि तयार गरिएको हो, त्यसलाई उपभोक्ताहरुले सही सदुपयोग गरी सम्बन्धित क्षेत्रमा विकास भएको हुनेछ ।

३.५ वार्षिक बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख निती तथा आधारहरु

**३.५.१. समग्र नीति तथा आधारहरु**

- निती नियम निर्देशनमा गरिएको
- लक्षीत वर्गमा पुँजी बजेट छनौट गरेको
- विषयगत समिति बसी योजना निर्माण गरेको
- जनसंख्या र भौगोलिक बनौटको आधारमा निर्धारण गरिएको
- आवश्यकता पहिचानको आधारमा छनौट गरिएको ।

**३.५.२ क्षेत्रगत नितीका आधारहरु**

**(क) आर्थिक क्षेत्रः**

- नेपाल सरकारबाट विनियोजित रकम निर्धारण
- कर निती अवलम्बन गरी
- प्रदेशबाट प्राप्त हुने रकम
- आन्तरिक स्रोत परिचालन गर्न
- केन्द्रबाट प्राप्त हुने आर्थिक स्रोत

**(ख) सामाजिक क्षेत्रः**

- गुणस्तरीय शिक्षामा अभिवृद्धि गर्ने ।
- स्वास्थ्य तथा खानेपानी
- स्वच्छ खानेपानीको व्यवस्था
- भेदभाव रहित समाज
- एकल महिला भत्ता तथा वृद्ध भत्ताको व्यवस्था
- निशुल्क आधारभूत तथा माध्यमिक शिक्षा
- अतिरिक्त क्रियाकलाप
- आधारभुत स्वास्थ्य सरसफाई
- लैङ्गिक समानता तथा सामाजिक सुधार
- सामाजिक सुधारका कार्यक्रम
- सांस्कृतिक सम्पदा

**(ग) पूर्वाधार क्षेत्रः**

- यातायात सुविधाको लागि मोटरबाटो, कृषि सडक प्रत्येक वडा टोलमा पुऱ्याउने
- भवन संहिता लागु गरि भुकम्प प्रतिरोधी घर निर्माणमा प्रोत्साहन दिने
- गोरेटोबाटो तथा पर्यटन मार्ग सुधार गर्ने
- समुदाय स्तर एकिकृत वस्ती विकास गर्ने
- ग्रामिण विद्युत वैकल्पिक उर्जा सडक बत्ती
- कृषिको लागि व्यवस्थित सिँचाई

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

- वातावरण फोहोरमैला व्यवस्थापनमा जोड दिने
- विपद् व्यवस्थापनमा निश्चित रकम छुट्टाई व्यवस्था गर्ने
- सार्वजनिक निजी साझेदारी संस्थालाई समन्वय भूमिका निर्वाह गरि विकास निर्माणमा टेवा पुऱ्याउने ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**३.६ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु**

**३.७ अनुमानित व्यय र स्रोत व्यावस्थापन**

हेलम्बु गाँउपालिकाको प्रथम गाउँसभामा आर्थिक बर्ष २०७४/७५ को लक्ष्य, उद्देश्य, नीति एवं रणनीतिहरुलाई मध्यनजर गरी नीति तथा कार्यक्रम तयार गरेको छु । योजनाबद्ध विकास नै दिगो विकासको मुलभूत आधार भन्ने सैद्धान्तिक मान्यता अनुरुप आगामी आार्थिक बर्षका लागि गाँउपालिकाको योजना तर्जुमा गरिएको छ ।

१. हेलम्बु गाउँपालिका वडा नं. ३ को बुद्ध पार्कबाट ग्वोच्यो डाँडा, गुरु रिन्पोक्षे डाँडा, सेर्माथाङ, ज्योमोथाङ, आमा याङरी, ढुपु, भेम्दाङ, सेमेसिदङ, इरिङगाङ, पाकेगाङ, सेम्राङ, ताखोर, गुल्फुभञ्जाङ हुदै चित्रे सम्म हेलम्बु सम्पदा पदमार्ग, (The Helambu Heritage Trail/The Helambu Great wall) निर्माण गर्ने प्रथामिक योजनामा राखेको छु । यस नजिक रहेको सम्पूर्ण बस्तीहरु तथा पवित्रतीर्थ स्थलहरुको बाटोहरु यस पदमार्गसंग जोड्ने योजना बनाएको छु । यस कार्यक्रम ५ देखि १० बर्षमा सरकारी तथा विभिन्न गैरसरकारी संस्थाको सहयोगमा सम्पन्न गर्ने लक्ष्यका साथ यसै आर्थिक बर्षको बजेटबाट DPR को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२. हेलम्बु राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा पर्यटनको गन्तव्यको रुपमा परिचत रहेको हुँदा यस हेलम्बु गाउँपालिकाले विशेष प्रथामिकतका साथ आकर्षक पर्यटन गन्तव्य विकासको निमित्त धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा पर्य-पर्यटन विकासको लागि भूगोल र समुदायहरुमा छुट्टा छुट्टै होमस्टे सेवा संचालनको लागि बजेटको व्यावस्था गरेको छु । जस अन्तर्गत यस गाउँ पालिका अन्तर्गत विभिन्न समुदायको साँस्कृतिक महत्वलाई मध्यनजर गरी माथिल्लो भेगलाई ह्योल्मो साँस्कृतिक होमस्टे तथा गुरुङ साँस्कृतिक रोधीघर, मध्ये भेगमा तामाङ साँस्कृतिक हेरिटेज होमस्टे, तल्लो भेगमा आर्य साँस्कृतिक होमस्टे कार्यक्रमहरुको व्यवस्थापन तथा अध्ययन गर्न आ.ब. २०७४/७५ का लागि विशेष योजना

तर्जुमा गरि आवश्यक बजेट विनियोजन गरिएको छु । यस कार्यक्रमलाई सफल बनाउँनका लागि यस गाउँपालिका भित्र कार्यरत संघ संस्थाहरुले कुनै निश्चित क्षेत्रमा कार्यक्रम संचालन गरिरहेको अवस्थामा उक्त संस्थाहरुलाई सो क्षेत्रमा कार्यक्रम संचालन गर्न गर्न प्रेरित गर्ने छ ।

३. हेलम्बु गाउँपालिका भित्र रहेको दलित समुदयको सिप विकास तथा आयआर्जन कार्यक्रम मार्फत आर्थिक तथा सामाजिक क्षेत्रमा व्यापक परिवर्तन ल्याउने उद्देश्यले यस गाउँ पालिका भित्र रहेका दलित समुदायको लागि उपयुक्त स्थानको छनोट गरी एकिकृत औधोगिक क्षेत्रको स्थापना गर्न आ.ब.२०७४/७५ को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४. राष्ट्रको बहुचर्चित प्रमुख केन्द्रीय योजना मेलम्ची खानेपानी यस हेलम्बु गाउँपालिकाबाट राजधानी काठमाण्डौं लाने अन्तिम तयारीमा रहेको हुँदा आयोजनाको प्रभावित क्षेत्र हेलम्बु गाउँपालिकाको स्थानीयहरुलाई सहुलियत तथा दिगो विकासको लागि एक घर एक सेयरको व्यवस्था र पानीको महशुलबाट हेलम्बु बासीलाई विकासको लागि लेबीको व्यवस्था गराउन विशेष पहल गर्ने छु । साथै यहाँको जनता र गाउँपालिकालाई प्रतिकुल असर नपर्ने गरी सुख्खायाममा कम्तिमा पनि ५०% पानी मेलम्ची खोलामा छोडनाको लागि र त्यस भन्दा माथि रहेका वस्तीहरुलाई भविष्यमा गएर नहटाउने ग्यारेन्टीको लागि यस सभाबाट पारित गरी नेपाल सरकारमा निर्णय कार्यन्वयनको विशेष पहल गरिनेछ । साथै यो गाउँपालिका मेलम्ची खाने पानीको परियोजनाको मुहान, टनेल र सुरुङको मुख्य भाग परेको हुँदा परियोजना मार्फत संचालित समाज उत्थान कार्यक्रमलाई वर्ग निर्धारण गरी यस गाउँपालिकालाई “क” वर्गमा समावेश गराइ विकास निमार्णका कार्यहरुमा पनि त्यही अनुपातमा कार्यान्वयन गराउनका लागि विशेष पहल गर्ने छ ।

५. हेलम्बु गाउँपालिकालाई नमूना गाउँपालिका (Model Rural Municipality) को रुपमा बिकास गर्न सर्बप्रथम वडाहरुलाई नमूना वडाको रुपमा विकास गर्दै लैजाने नीति अवलम्वन गरिएको छ । यस हेलम्बु गाउँपालिका तथा मातहतमा रहेको कार्यालय तथा क्षेत्रहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई समय परिपालनामा विद्युतीय मेशिनको प्रयोग गरी ई-हाजिरी, एक शाखाबाट अर्को शाखामा अनलाइन रिपोटिङ्ग, विद्युतीय दर्ता चलानी लगायतका कार्यहरुमा सञ्चालनमा ल्याइने छ ।

६. यस गाउँपालिका भित्र पदमार्ग मर्मत, बन्जी जम्प, केवलकार, क्यानोयिङ्ग, रक क्लाईम्बीङ्ग, भ्यू टावर, प्याराग्लाइडीङ्ग, पर्यटकीय इकोटुरिज्म पार्क, सांस्कृतिक संग्रहालय जस्ता पर्यटनको पूर्वाधारहरु विकास गर्न सम्भाव्यताको अध्ययन गरी योजना तर्जुमा एवं कार्यान्वयन गरिने तर्फ विशेष पहल गर्ने छु ।

७. हेलम्बु गाउँपालिकालाई अन्तराष्टि्रय क्षेत्रको बुद्धिष्ट राष्ट्रहरुसंग सम्बन्ध विस्तारको लागि सार्क राष्ट्रहरुको उद्देश्य अनुरुप नेपाललाई बुद्धिष्ट सर्किटको रुपमा जोड्ने कार्यक्रम अन्तर्गत हेलम्बु बौद्ध धर्मवलम्वीहरुको लागि अत्ति महत्व धार्मिक क्षेत्र रहेको हुँदा हेलम्बु गाउँपालिकालाई उक्त बुद्धिष्ट सर्किटसंग जोड्न विशेष पहल गर्ने छु ।

८. हेलम्बु गाउँपालिकामा बहुल्यता रहेको ह्योल्मो जातीहरुको परम्परागत शैली म्हेर्च्याकुमा घर आफ्नै बिशेषता र मौलिकता रहेको र यसलाई हेलम्बुको ह्योल्मो समुदायले आफ्नो मौलिक, संस्कृतिक संरक्षण तथा सम्वर्द्धन गर्न विभिन्न संघ संस्थासंग समन्वय गरी म्हेर्च्याकुमा घर निर्माण गर्न विशेष पहल गर्ने छु ।

९. लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र पर्ने हेलम्बु गाउँपालिकाको हिमाली क्षेत्रमा अत्ति दुर्लभ विश्व वन्यजन्तु रेडपाण्डा पाइने भएको हुँदा यसको संरक्षण तथा अनुसन्धान केन्द्र स्थापना गर्न पहल गर्ने छु ।

१०. आदिवासी जनजातिहरुको बाहुल्यता भएको विद्यालयहरुमा स्थानीय पाठ्क्रमको रुपमा बौद्ध शिक्षा लागु गर्ने र निकट भविष्यमा बौद्ध शिक्षालाई उच्चतह सम्मको अध्ययन केन्द्र स्थापना गरी सेवा विस्तार गर्ने दिर्घकालिन योजना तर्जुमा गर्ने छु ।

१२. जेष्ठ नागरीक तथा बृद्धाहरुको हितको लागि दिवा समयमा धार्मिक मन्त्र जप तथा भजन किर्तन गरी समय सदुपयोग गराउने उद्देश्यले प्रत्येक गाउँ गाउँमा सामुदायिक बृद्ध दिवा सेवा केन्द्रको स्थापना गर्ने लक्ष्य लिएको छु यसको लागि सामाजिक क्षेत्रमा कार्यरत विभिन्न संघ-संस्थासंग समन्वय गर्ने छु ।

१३. हेलम्बु गाउँपालिका भित्र पाइने हिमाली जडिबुटीलाई उचित व्यवस्थापन गर्न उपयुक्त स्थानमा स्थानीय जडीबुटी औषधी सम्बन्धमा आम्ची सेन्टर स्थापना गरी सेवा विस्तरमा ल्याउने लक्ष्य लिएको छु । उक्त कार्यको लागि सम्बन्धित विभिन्न संघ-संस्थासंग समन्वय गर्ने छु ।

१४. काठमाण्डौ हेलम्बु रसुवागडी फष्ट ट«याक मिलारेपा मार्ग (Milarepa Marg) मित्र राष्ट«  चीनको One Belt One Road जोड्ने उद्देश्य अनुरुप रसुवागडी हेलम्बु शुरुङ मार्ग हुँदै राजधनी काठमाण्डौसंग जोड्ने छोटो फस्ट ट«याक निमार्ण गर्न सम्भवना भएको र आयत निर्यातका लागि प्रयोग ल्याउन सकिने भएको हुँदा यस योजनालाई ५ बर्ष भित्र अध्ययन सम्पन्न गर्ने लक्ष्य लिएको छु यसको प्रारम्भिक अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु । तर यस योजनाको लागि हाम्रो सिमित स्रोतले सम्भावना नरहेकाहुँदा यस सभाबाट पारित गरी संघीय सरकारलाई DPR तथा सरकारको पहिलो प्राथामिकता राखी यस सडक निर्माणको लागि अनुरोध गर्ने छु ।

१५. हेलम्बु गाउँपालिका भित्र रहेको हिन्दु धर्मावलम्बीहरुको महत्वपूर्ण तीर्थ स्थल पाल्चोक भगवती देवी मन्दिर र निन्देश्वरी देवी मन्दिर दिदी बहिनी भएको किम्बदन्ती रहेको पाइएको हुँदा यस धार्मिक मन्दिरहरुको महत्वलाई संरक्षण सम्वर्द्धन गर्न तथा मन्दिर व्यवस्थापन र भौतिक पूर्वधार सुधारको लागि विशेष पहल गर्नेछु ।

१६. २०७२ साल बैशाख १२ गतेको महाविनाशकारी भूकम्पबाट क्षतिग्रष्त भएका हेलम्बु गाउँपालिका भित्रको भौतिक संरचनाहरु पुनर्निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईने छ र सरकारी, गैर सरकारी तथा नीजि भवन र आवास तथा अन्य भौतिक संरचनाहरु निर्माण गर्दा प्रविधिक टोली व्यापक परिचालन गरी भूकम्प प्रतिरोधि संरचना निर्माण गर्न विशेष पहल गर्ने छु । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्रविधिक टोली व्यवस्था हुन साथ गाउँ गाउँमा पुगी भुकम्प पिडितको नाम छुट दर्ता गरिने छ । साथै हेलम्बु गाउँ पालिका भित्र सामुहिक आवास तथा सामाजिक भवन निर्माण गर्ने क्रममा एकिकृत वस्ती विकासको अवधारणा अनुरुप एकिकृत वस्ती विकासका लागि उपयुक्त स्थानहरुमा सरकारी, गैर सरकारी र नीजि क्षेत्रसँग समन्वय र सहकार्यको नीति अवलम्वन गरी नमुना बस्ती विस्तार गर्न प्रोत्सहन गरिने छ ।

१७. आगामी वर्ष गाउँपालिकाले भौतिक पूर्वाधार तर्फ मूलतः सडक सञ्जाल विस्तारमा प्राथमिकता दिइएको छु । सडक यातायात हिँउदे याममा मात्र सञ्चालन हुँदै आएका सडकहरुलाई वर्ष भरि एक वडाबाट अर्को वडामा आवत जावतमा सहज बनाई बाह्रै माहिना यातायात सेवा सुचारु हुने गरी मर्मत सम्भार र स्तरोन्नति यथासिघ्र प्रारम्भ गरिने छ । यसको लागि आ.ब. २०४७/७५ को योजनामा आवश्यक हेभी इक्युप्मेन्ट खरिद गर्न विशेष बजेट विनियोजन गरेको छु । सडक निर्माण कार्यलाई वातावरणमैत्री

बनाउन वनजंगल तथा बनस्पतिमा हुने क्षती न्यूनीकरण गर्दै सडक किनारामा वृक्षारोपण गर्ने कार्य अनिवार्य शर्तका रुपमा योजनामै समावेश गरिने छ साथै सडक संरचना दिगो र स्तर उन्नती गर्न आवश्यक पहल गर्ने छ ।

१८. हाल गाउँपालिका भित्र देखिएको खानेपानी समस्यालाई व्यवस्थित गर्न मर्मत संभार र पानी सुरक्षा योजनालाई अनिवार्य गरिने छ । सबैलाई आधारभूत खानेपानी उपलब्ध गराउन खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी एवं गैरसरकारी निकायलाई परिचालन गरिने छ ।

१९. गाँउपालिका भित्र कार्यरत NGO/INGO हरुलाई पारदर्शी र जिम्मेवार बनाउन सम्पूर्ण NGO/INGO हरु गाँउपालिकाको छाता भित्र रहि गाँउपालिकाको पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने र प्रत्येक कामको चौमासिक प्रगति विवरण सम्बन्धित स्थानीय निकायमा बुझाउनु पर्ने अनिवार्य व्यवस्था गरिनेछ । गाँउपालिकामा NGO DESK स्थापना गरी क्रियाशिल गै.स.स.हरुको कार्यक्रमको एकीकृत विवरण संकलन गरी प्रकाशित गरिनेछ ।

२०. नेपालभरी नै विकृतिको रुपमा रहेको असार मसान्तको समयमा विकास निमार्णका कार्य गर्ने परिपाटीलाई निरुत्साहित पार्नको लागि चैत्र मसान्त भित्र सम्झौता नगरेका योजनाहरुको रकम गाँउकार्यपालिकाको निर्णयले सोही आ.व.को अर्को विकास योजनाहरुको लागि रकमान्तार गर्न यसै गाउँसभाबाट विद्येयक पारित गराई तुरुन्त कार्यान्वयनमा ल्याउनेछु ।

२१. हेलम्बु गाउँपालिका भित्र सुविधायुक्त स्वास्थ्य सेवा केन्द्र नभएको हुँदा नेपाल सरकारको एक गाउँ एक अस्पताल लक्ष्य अनुरुप सुविधा सम्पन्न १५ बेडको अस्पताल यस हेलम्बु गाँउपालिकामा निमार्ण गर्न तुरुन्त प्रक्रिया अगाडि बढाइने छु ।

२२. खेलकुद क्षेत्रमा विकास गराउने उद्देश्यले हेलम्बु गाउँपालिकामा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने योजना बनाएको छु । साथै पर्यटन तथा खेलकुद क्षेत्रलाई समन्वय गर्दै विकास गर्न र युवा र खेलकुद विकासबीच अन्तर सम्वन्ध स्थापित गर्दै राष्ट्रिय स्तरका खेल पर्यटनलाई विकास गर्न Helambu High Altitude Training Center स्थापनाको लागि संघीय सरकारसंग समन्वय गरी कार्यन्वयनका लागि विशेष पहल गर्नेछु ।

२३. समयको महत्व बढ्दै गएको अवस्थामा छिटो, छरितो र प्रभावकारी सञ्चार माध्यमको रुपमा दूर सञ्चारलाई प्रत्येक गाँउमा क्रमिक रुपमा सञ्चालन गर्न प्रयास गर्नेछु । इमेल, इन्टरनेटको प्रयोग र विकासलाई विस्तार गर्न निजी क्षेत्रलाई प्रोतसाहित गरिनेछ ।

२४. हेलम्बु गाउँपालिकामा कृषिलाई विशेष प्राथमिकता दिई हेलम्बु गाउँपालिकाको कृषकहरुलाई राहत तथा सेवाको लागि स्थानीय स्तरमा आवश्यक विरुवाहरु उत्पादन गर्न एक भेग एक नर्सरी स्थापना गरी आवश्यक विउ विजन तथा विरुवा वितरण गर्ने लक्ष्य लिएको छु । यसै क्रममा सेर्माथाङमा रहेको वाग्मानी फर्म क्षेत्रलाई प्रभावकारी तवरबाट सदुपयोग गर्दै विभिन्न वनस्पति तथा फलफुलहरुको विरुवा उत्पादन केन्द्र नसरी स्थापित गर्न विशेष कार्यक्रम ल्याईने छ ।

२५. यस गाउँपालिका भित्र जल विद्युतको संभाव्यता रहेको स्थानहरु पहिचान गरी मेलम्ची खोला र यस आसपासमा रहेको खोलाहरुको विस्तृत अध्ययन गरी योजना तर्जुमा गरी यस गाउँपालिकाको

जनताहरुको प्रत्यक्ष सहभागीतामा अन्य लगनिकर्ताहरुलाई आकार्षण गराई उज्यालो हेलम्बुको अभियानका साथ जनताको जीवनस्तरलाई व्यापक परिवर्तन ल्याउनको लागि विशेष कार्यक्रम गरिनेछ ।

२६. हेलम्बु गाउँपालिका भित्र रहेको विद्यालयहरुलाई बालमैत्री बनाउने, विद्यालयहरुको भौतिक पूर्वाधारलाई आधुनिक र सुविधा सम्पन्न बनाउनको लागि न्यूनतम मापदण्ड निर्धारण गरी सिकाई तथा बालविकासका लागि आवश्यक साधन श्रोतका साथै बालमैत्री वातावरणको निमार्ण गर्न विशेष योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याइनेछ । आधारभुत शिक्षा तर्फ सवैका लागि शिक्षालाई निर्वाध अधिकारको रूपमा लिई विद्यालयमा बालमैत्री वातावरण मार्फत् समतामुलक तथा गुणस्तरीय शिक्षाको प्रत्याभुत गर्न शैक्षिक सामग्री तथा उपकरण, E-Library र Audio-Visual Class को व्यवस्थापन गरी सोको सही सदुपयोग गराउने योजना रहेको छ । प्राविधिक शिक्षामा जोड दिई प्राविधिक जनशक्तिको आपूर्ति बढाउन प्राविधिक विद्यालयको विस्तार गर्ने लक्ष लिएको छु ।

२७. युवाहरुलाई लक्षित गरी प्रविधिक तथा सिप विकासको लागि एक गाउँ एक अध्ययन केन्द्र स्थापना गरी छोटो अवधिको विषय जस्तै सिकर्मी, डकर्मी, वोल्डिङ, इलेक्ट्रिशियन, कम्प्युटर आदि विषयमा अध्ययन गर्न स्थानी तहमा सेवा विस्तारको योजना बनाएको छु । साथै हेलम्बु गाउँपालिका भित्र उच्च शिक्षाको पहुँचबाट टाढा रहेका गरिव जेहेन्दर तथा पिछडिएको समुदायबाट छनोट गरी प्रत्येक बर्ष एक जनालाई इन्जिनियर अध्ययनको लागि यसै बर्षबाट लागु हुने गरी छात्रवृतिको व्यवस्था गरेको छु ।

२८. हेलम्बु गाउँपालिकालाई औधोगिक रुपमा विकास गर्नको लागि हेलम्बु गाउँपालिका भित्र रहेको खाली सार्वजनिक जग्गाहरुलाई प्रयोगमा ल्याउने उद्देश्यले निजि साझेदारी लगनी कर्ताहरुलाई निश्चित समयको लागि जग्गा भाडामा दिई विभिन्न किसिमको व्यवसाय संचालन गर्न प्रोत्साहन गर्ने लक्ष्य लिएको छु र सो कार्यको लागि आवश्यक पुर्वाधारहरु यस हेलम्बु गाउँपालिकाले व्यवस्थाको लागि पहल गर्ने छु ।

२९. हेलम्बु गाउँपालिका भित्र जुनसुकै बेला प्राकृतिक प्रकोप तथा विपत आइ पर्न सक्ने अवस्थामा एक विपत व्यवस्थापन कोष स्थापना गरी यस बर्षको योजनाबाट केही रकम उक्त शीर्षकमा छुट्याएको छ र उक्त कोषलाई बृद्धि गर्न इच्छुक व्यक्ति तथा संघ संस्थाहरुलाई अनुरोध गरिने छ ।

३०. हेलम्बु गाउँपालिकामा दिगो विकासका लागि विभिन्न उद्यमशील तथा स्वरोजगर विकासको लागि केही विशेष कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरेको छु । यसको परिणाम हेलम्बु गाउँपालिकाको शिक्षा, कृषि, पर्यटन, गरिवी निवारण, युवा रोजगार, क्षमता अभिवृद्धि, शिप विकास आदिको समग्र विकास गराउने लक्ष्य लिएको छु ।

अन्तमा, हेलम्बु गाउँपालिकाको कार्यलायबाट तथा सम्पूर्ण वडा कार्यालयबाट हुने सम्पूर्ण सेवा तथा सुविधालाई छिटो र छरितोको लागि हामी सदैव तत्पर रहेको वचन प्रतिबद्धताका साथ माथि उल्लेखित केही ठुला विकासको योजनाहरु तथा उल्लेख गर्न छुटेका विकासको शीर्षकहरुलाई सम्बन्धित क्षेत्रगत निकायहरुमा पहल गरी यस हेलम्बु गाउँपालिकालाई नमुना गाउँपालिका निर्माण गर्ने लक्ष्यलाई पुरा गर्ने योजना भएको हुँदा सम्बन्धित सबैलाई साथ दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद, थुजिक्षे ।